प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७९/०८० मा प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा पूर्ण शूल्कीय तर्फको आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७९।०४।२७ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट संचालन गरिने प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा शैक्षिक सत्र २०७९/०८० मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का उपाध्यक्षस्तरीय मिति २०७९।०४।२३ गतेको निर्णयानुसार परिषद्बाट संचालन सम्बन्धन/स्वीकृती पाएका आंगिक, साझेदार तथा नीजि स्तरमा संचालित देहालयका शिक्षालयहरुले परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०७९" बमोजिम पूर्ण शुल्कीय तर्फ विद्यार्थी छनौट गर्न योग्यता पुगेका व्यक्तिहरुबाट मिति २०७९ भाद्र १० गते भित्र रितपूर्वक आवेदन फाराम भर्नु भराउनु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

एस.ई.ई/एस.एल.सी/प्रि-डिप्लोमा/प्राविधिक एस.एल.सी तह उत्तीर्ण भएका बिद्यार्थीहरुले पेश गरेका शैक्षिक योग्यता वापत प्रदान गरिने अंक र प्रवेश परीक्षामा प्राप्त गरेको अंकको योगफल अनुसार कार्यक्रम र कोटाहरुमा योग्यताक्रमानुसार छनौट हुने व्यहोरा अनुरोध छ । साथै यस सम्बन्धी विस्तृत विवरण "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०७९" मा उल्लेख गरिएको हुदा www.ctevtexam.org.np मा राखिएको भर्ना सम्वन्धी निर्देशिका अध्ययन गर्नु हुन समेत अनुरोध छ ।

### १. प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता

| क्र.सं. | प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १ | प्रमाणपत्र तह नर्सिङ्ग | **अक्षराङ्कन पद्धति लागू हुन पुर्वको हकमा** मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा कम्तिमा द्वितीय श्रेणीमा उत्तीर्ण वा कूल प्राप्तांकमा ४५ प्रतिशत अंक प्राप्त वा एस.एल.सी उत्तीर्ण भई परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमशः ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।<br>**अक्षराङ्कन पद्धती लागु भएपछीको हकमा** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम C ग्रेड प्राप्त गरी Grade Point Average (GPA) - न्यूनतम 2 प्राप्त । |

क) प्राविधिक एस.एल.सी. उत्तीर्णहरुका लागि निर्धारित कोटामा आवेदन फाराम भर्नको लागि नर्सिङ कार्यक्रममा एस.एल.सी. उत्तीर्ण गरी प्राविधिक एस.एल.सी.मा. तोकिएको प्रतिशत वा अध्ययन गर्न चाहेको शैक्षिक कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस. एल. सी. मा तोकिएको प्रतिशत प्राप्त गरी उत्तीर्ण गरेको हुनु पर्नेछ ।

ख) तोकिएको कार्यक्रमको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता नपुगी ग्रेड वृद्धिका लागि एस.ई.ई. मौका परीक्षामा समावेश हुने परीक्षार्थीहरुले प्रवेश परीक्षामा सामेल हुन पाउँनेछन् तर तोकिएको समयमा ग्रेड बृद्धिका लागि एस.ई.ई.को मौका परीक्षाको नतिजा प्रकाशित भइ नसकेको अवस्थामा पनि भर्ना लिन सकिनेछ र ग्रेड बृद्धि नभएमा सो भर्ना स्वतः रद्ध हुनेछ र भर्ना हुंदा परीक्षार्थीले तिरेको सम्पूर्ण रकम सम्बन्धित परीक्षार्थीलाई फिर्ता दिनु पर्नेछ ।

### २. पूर्ण शुल्कीय लक्षित बर्ग कोटा

क) पूर्ण शुल्कीय लक्षित वर्ग कोटाः अपाङ्ग, पूर्व कमैया/हलिया, पिछडिएको दुर्गम क्षेत्र, दलित, महिला, आदिवासी-जनजाती, मुस्लिम, मधेशी र जनआन्दोलन/जनयुद्ध/मधेश आन्दोलनका/द्वन्द्व पिडित/विस्थापित/बेपत्ता/शहीद परिवार/घाइते वा निजको सन्तती वर्गका लक्षित समूह मध्येबाट तपसिलमा उल्लेख भए बमोजिमको संख्यामा प्रत्येक शैक्षिक कार्यक्रममा पूर्ण शुल्कीय लक्षित वर्ग कोटा निर्धारण गरिएको छ ।

| २० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ३० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ४० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा |
|---|---|---|
| २ जना | ३ जना | ४ जना |

ख) लक्षित वर्गमा सामुदायिक सरकारी वा नीजि विद्यालयहरुमा अध्ययन गरेका परीक्षार्थीहरु सहभागि हुन पाउनेछन् । पूर्ण शुल्कीय लक्षित वर्ग कोटामा फाराम भर्ने परीक्षार्थीहरु पूर्ण शुल्कीय खुला कोटामा स्वतः आवेदक हुनेछन् ।

### ३. पूर्ण शुल्किय प्रि-डिप्लोमा (अनमी) कोटा

क) परिषद्का प्रत्येक आंगिक, सामुदायिक, साझेदारी र निजी स्तरमा संचालित शिक्षालयमा प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा प्रि-डिप्लोमा (अनमी) उत्तीर्ण परीक्षार्थीहरुका लागि १० प्रतिशत कोटा निर्धारण गरीएको छ ।

ख) यसरी निर्धारण गरिएको कोटामा परीक्षार्थी छनौट गर्दा सोही समूह बीच प्रतिष्पर्धा गराई छनौट गरिनेछ ।

### ४ पुरुष नर्सिङ्ग कोटा

क) पुरुष परीक्षार्थीहरुले प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम अध्ययन गर्न चाहेमा स्वीकृत कोटाको १५ प्रतिशत पुर्ण शुल्कीय कोटा पुरुषहरुलाई छुट्याइएको छ ।

### ५. पूर्ण शुल्कीय खुला कोटा

क) छात्रवृत्ति बाहेकका रिक्त सिट यस कोटा अन्तर्गत पर्नेछन् । यस कोटामा जो सुकैले आवेदन फाराम भर्न पाउनेछन् ।

### ६. जेहेन्दार छात्रवृत्ति

प्रत्येक शिक्षालयमा परीक्षार्थी भर्नाका लागि आवेदन फाराम भरेका पूर्ण शुल्किय लक्षित वर्ग कोटा र पूर्ण शुल्किय खुला कोटाबाट छनौट भएका परीक्षार्थीहरु मध्ये उच्चतम अंक प्राप्त गर्ने एक जनालाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ । यसरी प्रदान गरीने छात्रवृत्ति पहिलो वर्षका लागि मात्र लागु हुनेछ । दोस्रो वर्षका लागि अघिल्लो बर्षमा उच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीलाई प्रदान गरीनेछ ।

### ७. वर्गीकृत (निःशुल्क) छात्रवृत्ति

वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाको लागि सम्वन्धन स्वीकृत पाएका कार्यक्रमहरुमा १०% सिटहरु छुट्याइएको छ । यसको लागि परिक्षार्थीहरुले छुट्टै Online Application Form भर्नुपर्नेछ ।

### ८. आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो । (फोटोको पछाडि नाम, थर र अध्ययन गर्न चाहेको कार्यक्रम स्पष्टसंग लेखिएको हुनुपर्नेछ)

ख) एस.एल.सी. वा प्रि-डिप्लोमा (अनमी)वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।

ग) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

घ) पूर्ण शुल्किय लक्षित वर्ग कोटामा समावेश हुने परीक्षार्थीहरुले भर्ना सम्बन्धी निर्देशिका-२०७९ को बुंदा नं. ९ मा तोकिएको आफूपर्ने लक्षित वर्ग खुल्ने कागजातहरुको प्रतिलिपी समेत पेश गर्नुपर्नेछ ।

### ९. छनौट प्रकृया सम्बन्धी जानकारी

(क) पूर्ण शुल्कीय तर्फको प्रवेश परीक्षाको लागि प्रश्नपत्र निर्माण गर्दा नेपाल सरकारको एस.ई.ई.परीक्षाको पाठ्यक्रमको आधारमा अनिवार्य अंग्रेजी-२०, गणित-२० र विज्ञान-२० गरी जम्मा ६० वटा वस्तुगत बहु-उत्तर प्रश्न सोधिनेछ र लिखित परीक्षाको जम्मा पूर्णाङ्क ७० हुनेछ ।

(ख) प्रत्येक सही उत्तरको लागि १ अंक प्रदान गरी ६० पूर्णाङ्कमा उत्तर पुस्तिका परीक्षण गरिनेछ । उक्त प्राप्ताङ्कलाई निम्न सूत्रको प्रयोग गरी पूर्णाङ्क ७० मा परिणत (Convert) गरिनेछ ।

लिखित परीक्षाको जम्मा प्राप्ताङ्क निकाल्ने सूत्रः $\frac{\text{प्राप्ताङ्क}}{६०}$ X ७०

प्रश्नपत्रको नमूना भर्ना सम्बन्धी निर्देशिकाको अनुसूची ५ मा दिए बमोजिम हुनेछ ।

(ग) परीक्षाको समय जम्मा १ घण्टा ३० मिनेट हुनेछ ।

(घ) परीक्षार्थीहरुले उत्तर पुस्तिकामा दिइएको निर्देशन राम्रोसंग पढी सोहि अनुसार उत्तर दिनु पर्नेछ ।

(ङ) परीक्षार्थीहरुले आफुलाई प्राप्त भएको प्रश्नपत्रमा उल्लेखित सेट अनिवार्य रुपमा Answer Sheet मा उल्लेख गर्नुपर्नेछ । उल्लेख नगर्ने परिक्षार्थीको परीक्षा स्वत रद्ध हुनेछ ।

(च) परिक्षार्थीले आफ्नो उत्तरपुस्तिकामा तोकिएको भन्दा अन्य संकेत गरेको पाइएमा स्वतः रद्ध हुनेछ ।

(छ) प्रवेश परीक्षाको उत्तरपुस्तिका परीक्षणमा OMR Machine प्रयोग गरिनेछ ।

उत्तरपुस्तिका (Answer Sheet) को सेट उल्लेख गर्ने ठाउंमा २ वटा घेरा मध्ये कुनै एक घेरा भित्र **<u>अनिवार्य रुपमा Black Gel Pen ले</u>** पूर्ण रुपमा कालो हुने गरी ढाक्नु पर्नेछ । सेट नखुलेको उत्तरपुस्तिकाको अंक प्रदान गरिने छैन । तपाईको प्रश्नपत्रमा सेट A भए A मा र सेट B भए B मा **<u>Black Gel Pen ले</u>** कालो हुने गरी ढाक्नुपर्नेछ ।

जस्तै प्रश्नपत्रको सेट A परेको भए ;

| SET | A● B○ |
|---|---|

उत्तरपुस्तिका (Answer Sheet) मा दिईएका ४ वटा गोलो घेरा मध्ये **<u>सही उत्तर एकमा अनिवार्य रुपमा Black Gel Pen ले</u>** गोलो भित्र पूर्ण रुपमा कालो हुने गरी ढाक्नु पर्नेछ ।
जस्तै सही उत्तर B भए

○ ● ○ ○
A B C D

ख. एक भन्दा बढी सम्भावित उत्तरमा चिन्ह लगाएमा वा उत्तरमा केरमेट गरेमा त्यस्ता उत्तरहरु स्वतः रद्द हुनेछन् । जस्तै सही उत्तर B हुंदा

○ ● ● ○
A B C D

(ज) प्रवेश परीक्षामा प्राप्त अंक र भर्ना सम्वन्धी निर्देशिकाको दफा ११ (क) बमोजिम शैक्षिक योग्यता बापतको अंकको योगफल अनुसार परिक्षार्थीको योग्यताक्रम सूची निर्धारण गर्नुपर्नेछ ।

(झ) प्रवेश परीक्षा उत्तीर्ण हुनका लागि प्रवेश परीक्षामा प्राप्त अंक र दफा ११ (क) बमोजिमको शैक्षिक योग्यता बापतको अंकको योगफल गरी कम्तिमा ३५ अंक प्राप्त गरेको हुनुपर्नेछ ।

(ञ) सूचनामा तोकिए अनुसार न्यूनतम योग्यता पुगेका आवेदकहरुबाट मात्र सम्बन्धित शिक्षालयले आवेदन फाराम संकलन गर्नुपर्नेछ ।

(ट) सम्बन्धित शिक्षालयले सूचनामा तोकिएको अवधि भित्र आवेदन फारामहरुलाई परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराइएको Web Based Online Intergrated Training Management System (ITMS) मा इन्ट्री गर्नुपर्नेछ । अनलाइन इन्ट्री गरेका फाराम परीक्षा नियन्त्रण कार्यालयबाट स्वीकृत भएपछि परीक्षार्थीको सिम्बल नम्बर कायम गरिनेछ र सिम्बल नम्बर कायम भई प्रवेश परीक्षा दिएका परीक्षार्थीहरुलाई मात्र योग्यताक्रमको सूचीमा समावेश गरिनेछ ।

(ठ) पुर्ण शुल्कीय तर्फ **<u>प्रमाणपत्र तह नर्सिङ्ग</u>** कार्यक्रमको लागि देहाय बमोजिमको प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन उप समिति गठन गर्ने ।

(अ) परिषद्को प्रदेश निर्देशक -संयोजक
(आ) सम्वन्धित प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि -सदस्य
(इ) सम्वन्धित प्रदेश निर्देशकले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव

(ड) तोकिएको मिति भित्र आवेदन फाराम भरी अनलाइन आवेदन फाराम इन्ट्री भएका परीक्षार्थीहरु मध्येबाट उप समितिले प्रवेशिका परीक्षा वा एस.ई.ई. मा प्राप्त गरेको प्राप्ताङ्क र प्रवेश परीक्षामा प्राप्त अंकको योगफल अनुसार योग्यताक्रम निर्धारण गरी सिम्बल नम्बर सहितको मुख्य उम्मेदवार र उत्तीर्ण सूची तयार गर्ने । यसरी सूची तयार गर्दा प्राप्ताङ्क बराबर भएमा भर्ना सम्वन्धी निर्देशिकाको दफा ११ बमोजिम योग्यताक्रम छुट्याउनु पर्नेछ ।

(ढ) प्रवेश परीक्षाको नतिजा भर्ना सम्वन्धी निर्देशिका बमोजिम सम्वन्धित परिषद्को प्रदेश कार्यालयले गर्नेछ ।

(ण) ***तोकिएको समय भित्र अनलाइन आवेदन फाराम नभरेका परीक्षार्थीहरु भर्ना गर्न पाइने छैन । यदि तोकिएको समय भित्र अनलाइन आवेदन फाराम नभरेका परीक्षार्थीहरु भर्ना गरेमा त्यस्ता विद्यार्थीको रजिष्ट्रेशन गरिने छैन र सो को सम्पूर्ण जिम्मेवारी सम्बन्धित शिक्षालयका प्राचार्यको हुनेछ ।***

## १०. शैक्षिक सत्र २०७९/०८० मा भर्नाका लागि परिषद्का आंगिक, साझेदार तथा निजी स्तरमा प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम संचालन/सम्बन्धन स्वीकृती पाएका शिक्षालयहरुको विवरण :

**प्रदेश नं १ अन्तर्गतका प्रमाणपत्र तहका साझेदारी शिक्षालय**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा | वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटा |
|---|---|---|---|---|
| १. | शैलजा आचार्य स्मृति पोलिटेक्निक, सिसवनि जहदा, मोरङ्ग | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |

**प्रदेश नं १ अन्तर्गतका प्रमाणपत्र तहका निजी स्तरमा सम्वन्धन/स्वीकृत शिक्षालयहरु**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा | वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटा |
|---|---|---|---|---|
| १. | न्यूरो अस्पताल, बिराटनगर, मोरङ्ग | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| २. | आम्दा इन्स्टिच्यूट अफ हेल्थ साइन्स, झापा | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ३. | लाइफलाइन हस्पिटल, झापा | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ४. | बिराट हेल्थ कलेज (बिराट नर्सिङ्ग एण्ड मेटरनिटी होम) मोरङ्ग | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |

**मधेश प्रदेश अन्तर्गतका प्रमाणपत्र तहका आंगिक शिक्षालयहरु**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा | वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटा |
|---|---|---|---|---|
| **१.** | सन्त अल्पमाई रामनारायण यादव नर्सिङ्ग कलेज, मलंगवा, सर्लाही | प्रमाणपत्र तह नर्सिङ्ग | २० | १ |
| **२.** | गौर नर्सिङ्ग इन्स्टिच्यूट, गौर, रौतहट | प्रमाणपत्र तह नर्सिङ्ग | २० | १ |

**मधेश प्रदेश अन्तर्गतका प्रमाणपत्र तहका निजी स्तरमा सम्वन्धन/स्वीकृत शिक्षालयहरु**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा | वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा |
|---|---|---|---|---|
| १. | छिन्नमस्ता एजुकेशनल एकेडेमी, सप्तरी | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| २. | युनिक कलेज फ मेडिकल साइन्स एण्ड हस्पिल, सप्तरी | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ३. | मेडिकल इन्स्टिच्यूट, सिराहा | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ४. | रामजानकी हेल्थ फाउण्डेशन, धनुषा | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ५. | नेशनल ह्युमन रिसोर्स डेभलपमेण्ट एकेडेमी, धनुषा | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ६. | मिथिला टेक्निकल एकेडेमी, जनकपुर, धनुषा | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ७. | नेपाल टेक्निकल इन्स्टिच्यूट, जनकपुर, धनुषा | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ८. | जनकपुर नर्सिङ्ग क्याम्पस, धनुषा | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |

**बागमती प्रदेश अन्तर्गतका प्रमाणपत्र तहका निजी स्तरमा सम्वन्धन/स्वीकृत शिक्षालयहरु**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा | वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा |
|---|---|---|---|---|
| १. | शहीद स्मारक जनस्वास्थ्य कलेज, काठमाण्डौ | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| २. | हस्पिटल फर एडभान्स मेडिसिन एण्ड सर्जरी (HAMS), काठमाण्डौ | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ३. | सुष्मा कोइराला मेमोरियल नर्सिङ्ग क्याम्पस, काठमाण्डौ | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ४. | शंकरापुर एकेडमी, जोरपाटी, काठमाण्डौ | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ५. | बि.पी मेमोरियल हेल्थ इन्स्टिच्यूट एण्ड रिसर्च सेन्टर, काठमाण्डौ | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ६. | महेन्द्र नारायण निधि मेमोरियल हेल्थ इन्स्टिच्यूट, काठमाण्डौ | प्रमाणपत्र तह नर्सिङ्ग | २० | १ |
| ७. | स्टार एकेडेमी (स्टार अस्पताल), ललितपुर | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ८. | नेपाल इन्स्टिच्यूट अफ मेडिकल साइन्स एण्ड टेक्नोलोजी, ललितपुर | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ९. | श्रद्धा इन्स्टिच्यूट अफ हेल्थ साइन्स, भक्तपुर | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| १०. | इवामुरा कलेज अफ हेल्थ साइन्स, सल्लाघारी, भक्तपुर | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ११. | च्छोरोल्पा जनरल अस्पताल, चरिकोट, दोलखा | प्रमाणपत्र तह नर्सिङ्ग | २० | १ |

**गण्डकी प्रदेश अन्तर्गतका प्रमाणपत्र तहका निजी स्तरमा सम्वन्धन/स्वीकृत शिक्षालयहरु**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा | बर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा |
|---|---|---|---|---|
| १. | फेवासिटी इन्स्टिच्यूट अफ मेडिकल साइन्स, पोखरा, कास्की | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| २. | फिस्टेल नर्सिङ्ग क्याम्पस, पोखरा, कास्की | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ३. | चरक इन्स्टिच्यूट अफ हेल्थ साइन्स, पोखरा, कास्की | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| ४. | कालिका मेडिकल एण्ड टेक्निकल इन्स्टिच्यूट, गैडाकोट, नवलपरासी | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |

**लुम्बिनी प्रदेश अन्तर्गतका प्रमाणपत्र तहका साझेदारी शिक्षालय**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा | बर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा |
|---|---|---|---|---|
| १. | तानसेन स्कुल अफ हेल्थ साइन्स, तानसेन, पाल्पा | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |

**लुम्बिनी प्रदेश अन्तर्गतका प्रमाणपत्र तहका निजी स्तरमा सम्वन्धन/स्वीकृत शिक्षालयहरु**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा | बर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटा |
|---|---|---|---|---|
| १. | राप्ती लाइफ केयर हस्पिटल, तुलसीपुर, दाङ्ग | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |
| २. | वेस्टर्न हस्पिटल एण्ड रिसर्च सेन्टर, नेपालगञ्ज, बांके | प्रमाणपत्र तह नर्सिङ्ग | ४० | ३ |

१०.१. सम्बन्धित शिक्षालयहरुले प्रमाणपत्र तह नर्सिङ्ग शैक्षिक कार्यक्रमका लागि तोकिएको कोटा मध्ये छात्रवृत्तिको लागि तोकिएको कोटा बाहेकका सिटहरुमा मात्र विद्यार्थी भर्ना गर्नुपर्नेछ । उल्लेखित कोटा भन्दा बढी बिद्यार्थी भर्ना गरेको पाइएमा परिषद्मा रजिष्ट्रेशन नहुने भएकोले सम्बन्धित शिक्षालय, विद्यार्थी एवं अभिभावकहरुलाई यसै सूचनाद्वारा सूचित गरिन्छ । स्वीकृत कोटा भन्दा बढी विद्यार्थी भर्ना गर्ने शिक्षालयलाई भर्ना सम्बन्धी निर्देशिका २०७९ मा उल्लेख भए बमोजिम कारवाही भई जाने व्यहोरा समेत सूचित गराइन्छ ।

**११. आवेदन फाराम भर्ने तथा बुझाउने सम्बन्धी विवरण :**

(१) प्रवेश परीक्षा शुल्क : १,५००।
कुनै पनि शिक्षालयले तोकिएको शुल्क भन्दा बढी शुल्क लिन पाउने छैन । यदि लिएको प्रमाणित भएमा प्रति परीक्षार्थी रु.१०,०००।- (दस हजार मात्र) का दरले सम्बन्धित परीक्षार्थीलाई हर्जना तिर्नुपर्नेछ । हर्जना बापतको रकम नतिरेमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) फाराम बितरण मिति : **२०७९ श्रावण २९ गते आईतवार देखि ।**

(३) फाराम बुझाउने अन्तिम मिति : **२०७९ भाद्र ०९ गते विहीवार सम्म ।**

(४) फाराम पाइने र बुझाउने स्थान : आवेदन फाराम www.ctevtexam.org.np बाट डाउनलोड गरी भर्नुपर्नेछ । माथि उल्लेखित अध्ययन गर्न चाहेको शिक्षालयमा

रितपूर्वक फाराम भरी बुझाउनु पर्नेछ ।

(५) प्रवेश परीक्षा सञ्चालन हुने मिति : **२०७९ भाद्र १७ गते दिउंसो ३:०० बजे**

(६) परीक्षा केन्द्र : परीक्षा केन्द्र नाम, ठेगाना पछि प्रकाशित गरिनेछ ।

(७) आवेदन फाराम स्वीकृत गर्दा फाराम साथ संलग्न फोटोमा सम्बन्धित परीक्षार्थीले गरेको दस्तखत रुजु गरी सम्बन्धित शिक्षालय/तालीम केन्द्र/कलेजको प्राचार्यले फाराममा दस्तखत गरी संस्थाको छाप लगाई स्वीकृत गर्नु पर्नेछ । फारामसाथ पेश गर्नुपर्ने आवश्यक प्रमाण, कागजातहरु परीक्षार्थी स्वयमले प्रमाणित गरी सूची बनाई पेस गर्नुपर्नेछ । उक्त फाराम र फाराम साथ संलग्न कागजातहरु ठिक भए नभएको रुजु गरी स्वीकृत एवं प्रमाणित गर्ने र फाराम साथ संलग्न कागजातहरुको सूची प्रमाणित गरी परीक्षार्थीलाई उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित शिक्षालयको प्राचार्य/प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारीको हुनेछ । पेश हुन आएको विवरण फरक पर्न गएमा सोको जिम्मेवार सम्बन्धित शिक्षालयका प्राचार्य/प्रमुख हुनु पर्नेछ ।

(८) परीक्षार्थीले भरेका आवेदन फारामहरु सम्बन्धित **शिक्षालयहरुले मिति २०७९ श्रावण ३० गते बिहीवार देखि २०७९ भाद्र ११ गते शनिवार राती १२:०० बजे भित्र** प.नि.का बाट उपलब्ध गराइएको Web Based Online Intergrated Training Management System (ITMS) मा Submit गरी सक्नुपर्नेछ । परीक्षार्थीले भरेको आवेदन फाराम सम्बन्धित शिक्षालयले तोकिएको मिति भित्र Online ITMS मा Submit नभएमा सो आवेदन फाराम स्वीकृत हुने छैन र त्यस्ता परीक्षार्थीलाई योग्यताक्रमको सूचीमा समावेस गरिने छैन । सो को जिम्मेवार सम्बन्धित शिक्षालय हुनेछ ।

(९) प्रवेश परीक्षा संग सम्बन्धित निम्न शुल्कहरु सम्बन्धित शिक्षालयले परिषद्का सम्बन्धित प्रदेश कार्यालयको खाता रहेको राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गर्नु पर्नेछ र जम्मा गरेको भौचरमा रकम जम्मा गर्ने शिक्षालयको नाम र रकमको प्रयोजन स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

**(क) प्रमाणपत्र तह नर्सिङ्गको पूर्ण शुल्कीय तर्फ** प्रति परीक्षार्थी प्रवेश परीक्षा दस्तुर रु. १,५००। का दरले दरले प.नि.का.बाट प्रकाशित सूचनामा उल्लेखित खातामा उल्लेखित खातामा प्रवेश परीक्षाको समष्टिगतमा भएको संख्या बराबरको प्रवेश परीक्षा दस्तुर र सूचना प्रकाशन शुल्क एकमुष्ट जम्मा गरेको भौचर बुझाई प्रदेश कार्यालयबाट रसिद लिनु पर्नेछ ।

**स्पष्टीकरण:** शिक्षालयले उल्लेखित शुल्कको अतिरिक्त परिक्षार्थीहरुबाट अन्य कुनै पनि शुल्क लिन पाउने छैन । यदि त्यस्तो रकम लिएको प्रमाणित भएमा प्रचलित कानुन बमोजिम सजायं हुनेछ ।

(ख) प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन वापत प.नि.का. तथा सम्बन्धित परिषद्, प्रदेश कार्यालयबाट अन्य कुनै पनि खर्च रकम सोधभर्ना उपलब्ध गराइने छैन ।

(१०) प्रवेश परीक्षामा सहभागी हुने प्रत्येक शिक्षालयले निम्नानुसारको शुल्क एकमुष्ठ रुपमा परिषद्का सम्बन्धित प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

(क) प्रति परीक्षार्थी प्रवेश परीक्षा दस्तुर १,५००। का दरले हुन आउने एकमुष्ठ रकम

(ख) प्रति कार्यक्रम रु. ५,०००।- का दरले सूचना प्रकाशन शुल्क र एकै शिक्षालयमा एक भन्दा बढी कार्यक्रम सञ्चालन भएको खण्डमा प्रति कार्यक्रम थप रु.३,०००।- का दरले हुन आउने थप रकम बुझाउनु पर्नेछ ।

१२. **शुल्क बापतको रकम मिति २०७९ भाद्र १० गते शुक्रवार कार्यालय समय भित्र** दाखिला गर्ने परिषद्का प्रदेश कार्यालयहरुको बैंक खाता बिवरण यस प्रकार रहेको छ ।

(क) प्रा.शि.व्या.ता.परिषद्, १ नं. प्रदेश कार्यालय, ईटहरी, सुनसरीः रा. बा. बैङ्क, इटहरी शाखा, च.हि.नं. २५५०१००००१२७८००१,

(ख) प्रा.शि.व्या.ता.परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा. बा. बैङ्क, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१,

(ग) प्रा.शि.व्या.ता.परिषद्, बाग्मती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा. बा. बैङ्क, हेटौडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,

(घ) प्रा.शि.व्या.ता.परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा. बा. बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं. ३५००१०००००२३४००१,

(ङ) प्रा.शि.व्या.ता.परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा. बा. बैङ्क, बुटवल शाखा, च.हि.नं. ३३६०१०००००३६१००१,

**नोटः** भौचरको पछाडी बुझाउने शिक्षालयको नाम, ठेगाना र रकम जम्मा गर्नुको प्रयोजन उल्लेख गर्नु पर्नेछ ।

१३. प्रवेश परीक्षामा सहभागी भई अध्ययनका लागि भर्ना हुने परीक्षार्थीहरु प.नि.का. परीक्षा सम्बन्धी विनियमावली-२०७१ को परिच्छेद ४ को विनियम २१ अनुसार शैक्षिक सत्रको बार्षिक परीक्षामा अनुत्तीर्ण भएमा शैक्षिक सत्रको अन्तिम परीक्षा भएको मितिले ३ बर्ष सम्म मात्र पुनः परीक्षामा सामेल हुन पाउनेछन् । निजहरुको छुट्टै आंशिक परीक्षा संचालन हुने छैन । निजहरुको आंशिक परीक्षा बार्षिक प्रणालीको नियमित परीक्षाको समयमा संचालन गरिनेछ ।

१४.अध्ययनका लागि भर्ना भएका विद्यार्थीहरु छात्रावासमा वस्ने वा नवस्ने निजहरुको स्वइच्छा भएको हुंदा कुनै पनि शिक्षालयहरुले छात्राबास बस्न अनिवार्य नगर्न हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

१५. शैक्षिक सत्र २०७९/०८० मा भर्ना भएका बिद्यार्थीहरुलाई परिषद् कार्यालयद्वारा निम्न शैक्षिक कार्यक्रममा देहाय वमोजिम शुल्क निर्धारण गरिएको हुंदा सोही बमोजिम किस्ताबन्दीका रुपमा शुल्क कारोवार गर्नु गराउनु हुन सम्बन्धित सवै शिक्षालयहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उल्लेख गरिएको शुल्कको अलावा अन्य कुनै प्रकारका (खाना र बस्न बाहेक) शुल्क लिन पाईने छैन यदि लिएमा त्यस्ता शिक्षालयहरुलाई परिषद्को ऐन, नियम तथा विनियम अनुसार कार्वाही गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपशिलः

| सि.नं. | कार्यक्रम | जम्मा शुल्क | प्रथम वर्षको किस्ता | दोस्रो वर्षको किस्ता | तेस्रो वर्षको किस्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रमाणपत्र तह नर्सिङ्ग | ४,७५,०००। | ४० प्रतिशत | ३० प्रतिशत | ३० प्रतिशत | खाना र बस्न बाहेकको शुल्क |

१६. प्रवेश परीक्षामा सहभागी हुने परीक्षार्थीहरुको संख्या एकीन गरेर मात्र तोकिए अनुसारको रकम बैंक दाखिला गर्नुहुन शिक्षालयहरुलाई जानकारी गराइन्छ । यदि बढी रकम दाखिला भएको खण्डमा फिर्ता तथा समायोजन नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

१७. बिद्यार्थीहरुसंग आर्थिक कारोवार गर्दा शिक्षालयहरुले अनिवार्य रुपमा बैंक मार्फत गर्नुपर्नेछ ।

**१८. प्रश्नपत्र सम्वन्धी व्यवस्था :**

(क) प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको प्रवेश परीक्षाको प्रश्नपत्र परीक्षा नियन्त्रण कार्यालयले परिषद्, सम्वन्धित प्रदेश कार्यालय मार्फत परीक्षा केन्द्रहरुमा उपलब्ध गराउनेछ ।

**नोटः** सूचनामा समावेश हुन नसकेका भर्ना सम्बन्धी प्रावधानहरु परिषद्को ऐन, नियम, विनियम तथा परिषद् प.नि.का. द्वारा जारी गरिएको "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७९ बमोजिम हुनेछ । आवेदन फाराम भर्ने परीक्षार्थी, अभिभावक तथा कार्यक्रम संचालन गर्ने शिक्षालयहरुले उल्लेखित निर्देशिका www.ctevtexam.org.np बाट डाउनलोड गरी अनिवार्य रुपमा अध्ययन गर्नु हुन सूचित एवं अनुरोध गरिन्छ । भर्ना प्रकृयामा सफल गराई अध्ययनको अवसर प्रदान गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न चाहेमा त्यसप्रति पूर्ण सचेत रहन सम्बन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा आफुले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षालय वा परिषद्का प्रदेश कार्यालयहरुमा र परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**